# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ४** **संख्याः १** **मितिः असार १८ गते, २०७८**

## भाग–१

## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## चन्द्रागिरि नगरपालिकाको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम

**नगरसभाका सदस्यज्यूहरू,**

चन्द्रागिरि नगरपालिकाको “ऐतिहासिक, साँस्कृतिक नगरि-समृद्ध पर्यटकीय चन्द्रागिरि” लक्ष्यलाई साकार पार्ने अठोटसहित हामी सातौं नगर सभामा उपस्थित भएका छौं । स्थानीय स्रोत र साधनको परिचालन तथा नगरवासीहरूको सहभागितामा मात्र हामीले हाम्रो लक्ष्य प्राप्त गर्न सक्नेछौं । नगरवासीहरूको विकासको तीव्र चाहनालाई परिपूर्ति गर्न नगरपालिकाले तर्जुमा गर्ने नीति तथा कार्यक्रमको भूमिका महत्वपूर्ण रहने गर्दछ । ती जनताका चाहना र मागहरूलाई संवोधन तथा अनुक्रिया गर्न तयार गरिएको चन्द्रागिरि नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम यस गरिमामय सातौं नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ ।

यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ नेपालका सबै तहका समुदाय तथा वर्गहरूबाट पटक पटक संचालित विविधरुपका ऐतिहासिक आन्दोलनहरूको स्मरण गर्न चाहन्छु । र, ती आन्दोलनहरूमा आफ्नो ज्यानको बलिदान गर्ने सहीदहरूप्रति श्रद्धाञ्जली तथा रगत पसिना बगाउने तमाम योद्धाहरूको उच्च सम्मान गर्दछु ।

**नगरसभाका सदस्यज्यूहरू,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म र भावना, नेपाल सरकारको नीति, कार्यक्रम तथा वजेट २०७८/०७९, चालु योजना, दिगो विकासका लक्ष्य, विभिन्न विषयगत समिति तथा राजश्व परामर्श समितिका निर्णयहरूका आधारभित्र रही कार्यपालिकाका सदस्यज्यूहरूको सुझाव, विभिन्न राजनैतिक दल, संघ/संस्था, कर्मचारी तथा यस चन्द्रागिरि नगरपालिकाका दाजुभाई, दिदीबहिनीबाट प्राप्त रचनात्मक सुझाव तथा माग र आवश्यकता संकलित गरी साधन तथा स्रोतलाई ध्यानमा राख्दै प्राथमिकताका आधारमा नगर गौरवका निमित्त यस चन्द्रागिरि नगरपालिकाको आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम पेश गर्दैछु ।

अब म चन्द्रागिरि नगरपालिकाको आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) खानेपानी तथा सरसफाईतर्फ :** (१) नेपाल सरकारले लिएको शून्य फोहर अवधारणालाई अवलम्बन गरी “स्वस्थ र स्वच्छ नगर” कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) खानेपानीका स्रोत तथा संरचनालाई समय सापेक्ष सुधार गरिनेछ ।

(३) दिगो विकासको लक्ष्य अन्तरगत “एक घर एक धारा” को नीति अबलम्वन गरिनेछ ।

(४) आकाशे पानी संकलन, वाटर रिचार्ज र रियूज गर्ने कार्यक्रमलाई अगाडि बढाईनेछ ।

(५) खानेपानी उपभोक्ता समिति, खानेपानी व्यवसाय र पानी ट्याङ्कर व्यवसायलाई खानेपानी व्यवस्थापन ऐन बनाई सो ऐन अनुसार दर्ता, सञ्चालन, नियमन र कारबाही गरिनेछ, वडाको सिफारिसमा नगरले यी कार्य गर्नेछ,

साथै खानेपानी व्यवस्थापन ऐन, नियमावली तथा सञ्चालन सम्बन्धी कार्यविधि अनुसार नगरवासीहरूलाई खानेपानी उपलब्धतामा एकरुपता ल्याईनेछ । खानेपानीको कारोवार गर्ने अन्य संस्थालाई नवीकरण गर्दा अनिवार्य वडाको सिफारिसका आधारमा गरिनेछ ।

(६) नगर क्षेत्रभित्र रहेका सार्वजनिक ढुङ्गेधारा, इनार कुवा, पोखरी तथा मुहानहरूलाई संरक्षण गरिनेछ ।

(७) डिप बोरिङबाट वातावरण सन्तुलनमा प्रभाव पर्ने भएकोले निजी तथा व्यवसायिक डिप वोरिङलाई पूर्ण निषेध गरिनेछ ।

(८) नक्सा पास गर्दा सेप्टी ट्याङ्की र सोकपिटलाई अनिवार्य गरिनेछ ।

(९) सार्वजनिक स्थल, मुख्य राजमार्ग, मुख्य चोकमा आवश्यकता तथा स्थान उपलब्धताको आधारमा आधुनिक सार्वजनिक शौचालयको निर्माण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

(१०) नदी, खोला, सार्वजनिक स्थल, बाटो आदिलाई सबै प्रकारका फोहरमैला निषेधित क्षेत्र कायम गर्ने र सार्वजनिक स्थलहरूमा प्रदूषण गर्ने कार्यलाई निषेधित गर्दै कानूनी दायरामा ल्याइनेछ ।

(११) समुदाय स्तरमा फोहोरमैला व्यवस्थापन गर्न ७०% अनुदानमा समुदायसँग साझेदारी गर्ने नीति लिईनेछ ।

(१२) मेलम्ची खानेपानी आयोजनालाई नगरपालिकाभित्र विस्तार गर्न पहल गरिनेछ ।

(१३) फोहोरमैला संकलन र व्यवस्थापनमा नगरपालिका क्षेत्रलाई विभिन्न क्लष्टरमा विभाजन गरी क्लष्टरस्तरमा एकरुपता कायम गरिनेछ ।

**ख) योजना, शहरी आवास तथा भौतिक पूर्वाधार विकासतर्फ :** (१) समग्र पूर्वाधार विकासको लागि आर्थिक मूल्यांकनको प्रक्रिया अगाडि बढाउन नगरस्तरीय तथ्यांक संकलनको प्रकृया अगाडि बढाइनेछ ।

(२) नगरपालिकाले मापदण्डअनुसार नयाँ बाटो खोल्ने तथा भएका बाटाहरूलाई मापदण्ड अनुसार कायम गर्ने र स्तरोन्नति गर्ने कार्यमा विशेष प्राथमिकताका साथ कार्य गरिनेछ ।

(३) शहरीकरणलाई व्यवस्थित गर्न निर्माण सम्बन्धी मापदण्डलाई पुनरावलोकन गरी लागू गरिनेछ ।

(४) खोला, राजकुलोको पहिचान र अभिलेख गरी मापदण्ड अनुसार कायम गराइने छ ।

(५) नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम र केवल संचालकहरूसँग समन्वय गरी विद्युत प्रसारण लाईन र अन्य अव्यवस्थित तारहरूलाई व्यवस्थित गर्न लगाईनेछ ।

(६) अव्यवस्थित जग्गा खण्डीकरणलाई निषेध गरी व्यवस्थित बस्ती विकास गर्न जग्गा एकीकरण कार्यक्रम (Land Pooling) सञ्चालनको लागि अध्ययन गरिनेछ ।

(७) सार्वजनिक निजी साझेदारीका आधारमा सञ्चालन गर्न सकिने योजनाहरूको अभिलेखीकरण गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

(८) नगरवासीको चाहना र आवश्यकतालाई केन्द्रबिन्दूमा राख्दै उपभोक्ताको अत्यधिक श्रमदान, योगदान हुनसक्ने योजनालाई प्राथमिकता दिईनेछ । साथै, योजनामा आधा, आधा लगानी सहभागिता कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

(९) योजना सञ्चालन गर्दा ठेक्काको ३ प्रतिशत र उपभोक्ता समितिको लागि १.५ प्रतिशत कन्टीन्जेन्सी कायम गरिनेछ । जनसहभागितालाई २० (बीस) प्रतिशत कायम गरी लागू गरिनेछ ।

(१०) प्रस्तावित सम्पदा बस्तीहरूलाई अर्वान भिलेजको रुपमा संरक्षण गर्ने नीति लिइने छ ।

(११) वातावरणमैत्री ढल व्यवस्थापनको लागि निश्चित सम्पदा बस्तीमा ढल प्रशोधनको नमूना कार्यक्रम लागू गरिनेछ भने नगरको ट्रङ्क सिवर लाइन तथा यसको प्रशोधन गरी बल्खु खोलामा सफा पानी बगाइनेछ । यस प्रयोजनको लागि शहरी विकास मन्त्रालय, एकीकृत बागमती सभ्यता आयोजना तथा छिमेकी नगरपालिकाहरूसँग सहकार्य गरिनेछ । ढलहरू सोझै खोलामा मिसाउँदा हुने प्रदूषण रोक्नका लागि समुदायस्तरमै Constructed Wet-Land निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । सेफ्टी ट्याङ्कीबाट सिधै

ढलमा फोहोर मिसाउने घरपरिवारलाई दण्ड जरिवाना गरी सेफ्टी ट्याङ्कीको निष्काशन बन्द गरिनेछ ।

(१३) स्मार्ट शहर निर्माणको लागि डिजिटल हाउस नम्बरिङको कार्य शुरु गरिनेछ ।

(१४) नगरपालिका क्षेत्रलाई आन्तरिक जोनिङ गरी प्रतिफलमा आधारित करको मान्यता अनुसार फरक जोनमा फरक फरक नक्सा पास दस्तुर तोकिनेछ ।

(१५) चन्द्रागिरि नगरपालिकाको वडा कार्यालय भवन नभएका वडाको कार्यालय भवन बनाउने र जिर्ण भएका वडाको भवन निर्माण गरिनेछ । जग्गा नभएका वडाको लागि जग्गा प्राप्ति ऐन बमोजिम अधिग्रहण गरी खरीद प्रकृया अगाडि वढाइनेछ ।

(१६) नगरभित्र भएका चोकहरूको पहिचान र संरक्षण, कलात्मक पहिचान झल्कने गरी निर्माण गरिनेछ ।

(१७) बस्तीहरूलाई प्राचीन नामले नै चिनिने गरी नाम राखिनु पर्नेछ । वडाको अनुमतिबिना जथाभावी नामाकरण गर्न नपाइने नीति अबलम्बन गरिनेछ। साथै नयाँ राखिएका नामहरू तत्काल पुनरावलोकन गरिनेछ ।

(१८) नगरमा भएको सार्वजनिक जग्गाको पहिचान र संरक्षण गरिनेछ । सार्वजनिक जग्गामा भएको अतिक्रमणलाई यसै वर्ष अतिक्रमणमुक्त गर्न पर्याप्त बजेट विनियोजन गरिनेछ ।

(१९) नगरस्तरीय नयाँ नापी तथा हालसाविक कार्यको सुरुवात गर्न पहलकदमी लिइनेछ ।

(२०) नगरपालिकाभित्रका हरेक टोल, बस्ती, सार्वजनिक स्थान र सडकहरूमा उज्यालो चन्द्रागिरि कार्यक्रम अन्तर्गत सडक बत्ती तत्काल व्यवस्थापन गरिनेछ ।

(२१) नगर सुरक्षालाई मध्यनजर गरी मुख्य टोल, बस्ती र सडकहरूमा सीसी क्यामेराको व्यवस्था र साइरन जडानलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

(२२) सार्वजनिक जग्गासँग जोडिएका निजी जग्गाको क्षेत्रफल बढ कायम गर्ने प्रक्रियालाई कडाईका साथ निषेध गरिनेछ । सार्वजनिक जग्गाको क्षेत्रफल कायम गरे पश्चात मात्र निजी जग्गाको क्षेत्रफल संशोधन गर्नुपर्नेछ ।

(२३) पार्क, अस्पताल, भ्यू टावर जस्ता निर्माणाधिन मझौला संरचनाहरूलाई सम्पन्न हुने गरी बजेट व्यवस्था गरिनेछ । आगामी २ वर्ष भित्र चन्द्रागिरि नगरपालिकाका हरेक टोल बस्तीलाई खानेपानी, सडक र सरसफाई सहितका आधुनिक, भौतिक पुर्वाधारयुक्त बस्नयोग्य बस्ती विकास गर्ने नीति लिईनेछ ।

(२४) चन्द्रागिरि नगर अस्पतालमा कोरोनाको PCR Lab स्थापना गरिनेछ ।

(२५) घरनक्शा पास सम्वन्धी अनलाईन सिस्टम लागु गरिनेछ ।

(२६) पुरातात्विक स्वागतद्वारको पुनःनिर्माण वाहेक अन्य स्वागतद्वार निर्माणमा नगरपालिकाबाट वजेट विनियोजन गरिनेछैन ।

(२७) यदि कुनै स्थानमा टोलवस्तीबाट आफ्नै लगानीमा निर्माण गर्न चाहेमा सडकको मापदण्ड (ROW) छोडी नगरपालिकाको स्वीकृती लिएर मात्र निर्माण गर्न दिईनेछ ।

(२८) चन्द्रागिरि नगरपालिकाबाट निर्माण गरिने सार्वजनिक सामुदायिक खानेपानी ट्यांकी, क्लव, विद्यालय आदि भवनहरू निर्माण गर्दा समेत नगरपालिकाको सडक मापदण्ड अनुसार निर्माण गरिनेछ ।

**ग) सडक तथा यातायाततर्फ :** (१) राजमार्गको मुख्य-मुख्य चोकहरूमा ट्राफिक लाइट, जेब्रा क्रसिङ, रोड मार्किङ, आकाशे पुल निर्माणको लागि पहल गरी नगरपालिकाको मापदण्ड भित्रका सबै सडकलाई क्रमशः स्तरोन्नति गरिनेछ । साथै सडक दुर्घटना न्यूनीकरण गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

(२) सडक तथा बाटो छेउमा रहेका भवनबाट वर्षायामको पानी तथा ढल व्यवस्थित नगरी सिधै सडक तथा पेटीमा कौशी तथा छतबाट झार्ने र निकास खुल्ला राखी बगाउने प्रवृत्तिलाई दण्डसहित निषेध गरिनेछ । प्रत्येक घरबाट निस्कने पानीलाई जमिनमुनि प्रवेश गराई जमिन रिचार्ज गराउन आवश्यक प्रबन्ध गरिनेछ ।

(३) सार्वजनिक सडकमा पार्किङ्ग निषेध गरिनेछ तर मुख्य बजार क्षेत्रमा निःशुल्क, सःशुल्क पार्किङको व्यवस्था गरिनेछ । साथै ट्राफिक व्यवस्थापन समेत गरिनेछ ।

(४) परम्परागत रुपमा चलन चल्तीमा रहेका साबिक बाटो र ढल निकास यथावत रुपमा कायम गरी त्यस किसिमका बाटो र ढल निकास बन्द गर्न नपाउने नीति अवलम्बन गरिनेछ ।

(५) सार्वजनिक सडकमा गरिने पार्किङ्ग एवम् मुख्य राजमार्ग, सहायक मार्ग लगायतका सडक पेटी किनारा अतिक्रमण गरी सञ्चालनमा रहेका गाडी मर्मत केन्द्र (वर्कसप) तथा अन्य अव्यवस्थित व्यवसायहरूलाई निषेधित गर्दै सार्वजनिक स्थलहरूमा अव्यवस्थित रुपमा निर्माण सामग्री थुपार्ने, सवारी साधन पार्किङ गर्ने, पसल कवल बाहिर सडक पेटीमा सामग्रीहरू राख्ने कार्य पूर्णतः निषेध गरिनेछ । साथै घर छिर्ने र्‍याम्प आफ्नै साँध सिमानाबाट सुरु गर्नुपर्ने अनिवार्य व्यवस्था गरिनेछ ।

(६) कलंकी नागढुंगा लगायत मुख्य राजमार्ग तथा सहायक मार्गको सौन्दर्यता कायम गर्दै नगरबाट सडक सरसफाई, वोटविरुवा, हरियाली, रंगरोगनका साथै अव्यवस्थित तार, पोलहरूको समेत व्यवस्थापन गरी सडक हेरचाहको लागि सडक सफाई मजदूरको व्यवस्था गरिनेछ ।

(७) पचास मिटर भन्दा छोटो डेड इण्ड बाटोलाई ३ मिटर र दुबै तर्फ निकास भएको गोरेटो बाटोलाई ४ मिटर. हुने गरी ROW (Right of way) भित्र पर्खाल लगाउन निषेध गरिनेछ ।

(८) स्वच्छ सफा वातावरणमैत्री सडक निर्माण तथा सम्भार गर्ने उद्देश्यसहित सडक किनारा हरियाली प्रवर्द्धन कार्यलाई अगाडि बढाइनेछ ।

(९) सुरक्षित बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग मैत्री सडकको लागि मूल राजमार्गमा फुटपाथ आवागमन खुल्ला गरिनेछ । ६ मिटर भन्दा बढी चौडा भित्री सडकहरूमा पनि आवश्यकता अनुसार फुटपाथ निर्माण तथा ट्राफिक सिग्नलको प्रवन्ध गरिनेछ ।

(१०) बाडभञ्ज्याङ क्षेत्रमा पीपीपी मोडलमा पर्यटकीय पूर्वाधार निर्माण तथा सञ्चालन गरिनेछ ।

(११) एकीकृत बाग्मती सभ्यता आयोजनाको सहयोगमा बल्खु करिडोर सडक निर्माण कार्य दुई चरणमा बाडभञ्ज्याङसम्म गर्न नगरपालिकाद्वारा सहजीकरण गर्दै शहरी बिकास मन्त्रालयमा पहल गरिनेछ ।

(१२) राष्ट्रियस्तरका सडकमार्गहरू थानकोट-नागढुंगा-सिस्नेखोला (नेपालको पहिलो सुरुङमार्ग), कलंकी-नागढुंगा त्रिभुवन राजमार्ग, थानकोट-चित्लाङ-हेटौंडा मार्ग, प्रदेश तथा क्षेत्रीयस्तर सडक मार्गहरू, बल्खु खोला करिडोर, सतुंगल-मातातीर्थ-चखेल-हेटौंडा मार्ग, दुरसंचार-मातातीर्थ-चखेल-हेटौंडा मार्ग, सतुंगल जरुचा-मुलखुशी-तीनथाना-कीर्तिपुर मार्ग, त्रिभुवन राजपथ जोड्ने बाडभञ्ज्याङ मनकामना मसिने-सातघुम्ती मार्ग, चिसापानी-भिमढुंगा मार्ग, आयल निगम-दोम्बु-बलम्बु-नयाँ नैकाप-वालकुमारी-तीनथाना (पुरानो बाटो) मार्ग, स्यूचाटार-कंकाली-फाकल चौर (स्वीट्जरल्याण्ड पार्क) ईन्द्रदह हुँदै नागढुंगा मार्ग, कलंकी-घ्याम्पेडोल हुँदै नागढुंगा मार्ग, मितेरी मार्ग, चेकपोष्ट-मातातीर्थ मार्ग, चेकपोष्ट वाणस्थली हुँदै त्रिवेणी जाने मार्ग, मातातिर्थ-मच्छेगाउँ-टौदह मार्गमा रहेका सडकमार्ग समयमा नै मर्मत सुधार तथा निर्माण सम्पन्न गर्नका लागि नगरपालिकाबाट आवश्यक सहजीकरण तथा समन्वय गरिनेछ, साथै नगरभित्र रहेका सम्पूर्ण स्थानीय स्तरका सडकहरूको विस्तार, मर्मत तथा सुधार गरिनेछ ।

(१३) नगरपालिका क्षेत्रभित्र विद्युतीय गाडी चार्जिङ स्टेसनको पूर्वाधार तयार गर्न आवश्यक सहजीकरण गरिनेछ ।

(१५) त्रिभुवन राजपथको कलंकी-नागढुंगा सडक खण्डमा हाल कायम रहेको मापदण्ड पूरा हुन नसकेका स्थानमा काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय काठमाडौंसँग समन्वय गरी २२ मिटर सडक क्षेत्र रेखाङ्कन गरी मापदण्ड कायम गरिनेछ ।

(१५) त्रिवेणी पुल, बलम्बुबाट सिर्जना चोक जाने पुल लगायत जिर्ण र अधुरा रहेका पुलहरूलाई प्राथमिकताका साथ निर्माण गरिनेछ ।

(१६) कलंकी नागढुंगा राजमार्गका व्यस्त चोक मध्ये कुनै दुई स्थानमा आकाशे पुल निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

**घ) वातावरण तथा विपद् व्यवस्थापनतर्फ :** (१) योग्य र विज्ञ व्यक्तिको परामर्शमा, वातावरणमैत्री स्थानीय शासनको प्रारुप बमोजिम यस नगरपालिकामा वातावरणमैत्री नगर निर्माणको लागि नीतिनियम बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

(२) खोलानाला, खोल्साखोल्सीमा ढल तथा सेप्टी टयाङ्की लगायत विषादी मिसाउने कार्यलाई कानुनको दायरामा ल्याइनेछ ।

(३) अति प्रदुषण फैलाउने उद्योग कलकारखानाहरूलाई निरुत्साहित गरिनेछ । कम कार्वन उत्सर्ग हुने प्रविधिलाई प्रोत्साहन गरिनेछ ।

(४) प्लाष्टिक तथा रवरजन्य नकुहिने फोहर र कुहिने फोहरलाई स्रोतमै वर्गीकरणको व्यवस्था मिलाउन नगरवासीको समेत संलग्नता गरिनेछ । सोको अनुगमन गरी शून्य फोहरको नीतिलाई अवलम्वन गर्दै अन्य फोहरजन्य पदार्थ जथाभावी जलाउन र जथाभावी फ्याक्ने कार्यलाई निषेध गरी ४० माइक्रोन भन्दा पातलो प्लाष्टिक प्रयोगमा रोक लगाईनेछ । कागज तथा कपडाजन्य लगायतका झोलाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

(५) नगरभित्र भएका ईट्टाभट्टा तथा टायल उद्योगहरूलाई वातावरणमैत्री टनेल किलिन (Tunnel Kiln) प्रविधिमा आधारित बनाउनेलाई मात्र संचालन गर्न दिइनेछ र अन्यलाई हटाइनेछ ।

(६) नगरपालिकामा वातावरण कोषलाई व्यवस्थापन गर्न कोष संचालन कार्यविधिको निर्माण गरिनेछ ।

(७) विपद व्यवस्थापनलाई व्यवस्थित र २४ सै घण्टा सेवा प्रदान गरी सुविधा सम्पन्न स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र (Local Emergency Operation Center) स्थापना गरी अन्य निकायको पनि संलग्नतामा नगरपालिकाले संचालन गर्नेछ ।

(८) नगरपालिकाको विभिन्न स्थानमा प्रदुषण मापन यन्त्र राख्न छुट्टै वजेट व्यवस्था गरी नगरपालिकामा प्रदुषणबाट बचाउने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

(९) फोहरलाई मोहरमा परिणत गर्ने कार्यलाई प्रभावकारी बनाउन घरबाट निस्कने फोहरलाई व्यवस्थित गर्ने र फोहर व्यवस्थापन संकलनमा एकरुपता

ल्याईनेछ । फोहरमैला व्यवस्थापनमा नमूना नगरपालिकाको रुपमा विकास गर्न सार्वजनिक जग्गालाई व्यवस्थित गरिनेछ । त्यस्तो जग्गा कम भएको अवस्थामा निजी जग्गालाई लिजमा लिई सरकारी, सहकारी, निजी साझेदारीका साथ कार्यको शुरुआत गरिनेछ, फोहोरमैलाको व्यवस्थापन कार्यलाई समुदायमा आधारित वनाईनेछ ।

(१०) नगरपालिकाको प्रत्येक वडामा कम्तीमा चारवटा विपद स्वयंसेवक टोली गठन गरी टोलीको कामको प्रकृति अनुसारको तालिम दिई विपदमा खटिने गरी सक्रिय गराईनेछ ।

(११) विपद जोखिम न्यूनीकरण तथा उत्थानशीलता र क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

(१२) प्रत्येक वडाहरूमा पुरानो पोखरी संरक्षण र नयाँपोखरीको निर्माण (वाटर रिचार्ज सेन्टर) कार्यलाई निरन्तरता दिइनेछ ।

(१३) बाढीपहिरो जाने, भूक्षय हुने क्षेत्रको पहिचान गरी रोकथामका विशेष व्यवस्था गरिनेछ ।

(१४) भौतिक संरचना वा भौतिक पूर्वाधार निर्माण प्रक्रियालाई वातावरणमैत्री बनाउँदै योजना कार्यक्रम छनौट गरिने वा गर्न प्रेरित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(१५) नगरपालिका, वडा कार्यालय र नगरपालिका मातहतका सार्वजनिक सेवाका कार्यालयहरू, निजी आवासक्षेत्र, उद्योग, औद्योगिक भवनहरूमा फायर एक्स्टींग्युसर (Fire Extinguisher) अनिवार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

(१६) "एक वडा एक उद्यान" निर्माण कार्यलाई निरन्तरता दिइनेछ । सार्वजनिकस्थलहरूमा इकोपार्क निर्माण अभियानलाई निरन्तरता दिइनेछ ।

(१७) नगरभित्र रहेका सार्वजनिक खोला, इनार, कुवा र ऐतिहासिक पोखरीहरू सरसफाइ गरी स्वच्छ नगरपालिका बनाउन अभियान संचालन गरिनेछ ।

(१८) तत्काल विपद् व्यवस्थापनका लागि यथेष्ट बजेट व्यवस्थापन गरी प्रभावकारी र उचित राहत उद्धार, पुनर्स्थापन तथा पुनर्निर्माणको व्यवस्थापन गरिनेछ ।

(१९) अतिक्रमित भएका खोलानाला पुनःमूल्यांकन गर्न र अतिक्रमित हुन नदिन अभियानात्मक रुपमा कार्यक्रम संचालन गरिनेछ ।

(२०) समय समयमा आई पर्ने विपद तथा महामारीसँग जुध्ने नगरस्तरीय विपद व्यवस्थापन कोष तथा कोभिड व्यवस्थापन गर्न कोभिड कोषको ब्यबस्था गरिनेछ ।

(२१) नगरपालिकालाई वातावरणमैत्री वनाउन आगामी आ.व.२०७८/०७९ मा कम्तीमा एक वटा वडालाई वातावरणमैत्री वडा घोषणा गर्न कार्यक्रम संचालन गरिनेछ ।

**ङ) शिक्षा, युवा तथा खेलकूदतर्फ :** (१) "हाम्रो चन्द्रागिरि स्थानीय पाठ्यक्रम" को आधारमा कक्षागत पाठ्यपुस्तक निर्माण गरी स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिनेछ ।

(२) नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय तथा क्याम्पसको गुणस्तरीय शैक्षिक स्तरमा एकरुपता कायम गर्न सहकार्य गरिनेछ ।

(३) सामुदायिक विद्यालयहरूलाई शैक्षिक गुणस्तरमा सुधार गर्ने नीतिलाई निरन्तरता दिंदै शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र अभिभावकको क्षमता अभिवृद्धि गरिनेछ ।

(४) विद्यार्थीको प्रतिभा विकासका लागि नगरस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

(५) महादेवस्थान गुमालचोकी स्कुलमा निर्माण भएको चन्द्रागिरि नगरस्तरीय प्राविधिक शिक्षालयको निर्माण कार्य सम्पन्न गरी CTEVT सँग समन्वय गरी व्यवसायिक तथा सीपमूलक तालिम कक्षाहरू सञ्चालन गरिनेछ ।

(६) 'एक घर एक स्नातक' कार्यक्रम अगाडि बढाइनेछ ।

(७) सामुदायिक सिकाइ केन्द्र, विशेष शिक्षा र अन्य वैकल्पिक शिक्षण संस्थामार्फत् चन्द्रागिरि नगरपालिकाबाट निरक्षरता उन्मूलन गरी नगरवासीमा उच्च र गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउने नीति लिइनेछ ।

(८) बाल विकास केन्द्रका सहजकर्ता, सहायक कर्मचारी र विद्यालय सहयोगीलाई नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिक पुग्ने गरी आवश्यक थप रकम प्रदान गरिनेछ ।

(९) गरीब, जेहेन्दार, दलित, जनजाति, महिला, मधेसी, पिछडिएको वर्ग, अपाङ्ग आदिलाई छात्रवृत्ति प्रदान गरी अध्ययनको पहुँच विस्तार गरिनेछ । कठिन अवस्थामा रहेका बालबालिकालाई शिक्षाको लागि विशेष सहयोग प्रदान गरिनेछ ।

(१०) कोभिड–१९ को परिस्थितिमा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्न वैकल्पिक सिकाइ अवस्थाको सिर्जनाका लागि बालबालिका र विद्यालयमा सूचना र प्रविधिको पहुँच अभिवृद्धि गरिनेछ ।

(११) विद्यालय नक्साङ्कनको आधारमा नयाँ विद्यालय खोल्ने, कक्षा थप गर्ने, विद्यालय गाभ्ने, दरबन्दी मिलान गर्ने कार्यलाई निरन्तरता दिई सामुदायिक तथा संस्थागत विद्यालयहरूको सुपरीवेक्षण, नियमन तथा सहजीकरण गरिनेछ ।

(१२) इच्छुक तथा सक्षम विद्यालयहरूमा प्राविधिक व्यवसायिक धार एवं सीपमूलक प्रशिक्षणमा आधारित कक्षा सञ्चालन तथा एक विद्यालय एक उद्यम सञ्चालनको नमुना शैक्षिक कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

(१३) विद्यालयका छात्रछात्रालाई दिवा खाजा, छात्राहरूलाई सेनेटरी प्याड, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, सिकाइ सामग्रीको प्रयोग जस्ता शैक्षिक समता विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

(१४) न्यून आर्थिक अवस्था भएका विद्यार्थीहरूमा शिक्षाको पहुँच सहज बनाउन इन्टरनेटको सुविधा उपलब्ध गराइनेछ ।

(१५) "चन्द्रागिरि नगरको इच्छा, छोरी बुहारीलाई उच्च शिक्षा" भन्ने नारालाई सार्थक बनाउन नगरका छोरी बुहारीलाई उच्च शिक्षाको लागि छात्रवृत्ति प्रदान गरिनेछ ।

(१६) विद्यालय तथा सिकाई केन्द्रहरूमा कोभिड १९ बाट वच्ने उपायहरूको सचेतना अभिवृद्धि गरिनेछ ।

(१७) सीप र क्षमताको अभिबृद्धि गर्न र परम्परागत सीपलाई पुनःजागरण गर्न तथा शैक्षिक क्षेत्रको गुणस्तरलाई बृद्धि गर्न नगरभित्र सिकाई/अध्ययन केन्द्र संचालनमा ल्याइनेछ ।

(१८) नगर क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक पुस्तकालय/वाचनालयलाई नगर गौरवको रुपमा सञ्चालनमा ल्याउने नीति लिइनेछ ।

(१९) शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूलाई सामाजिकीकरण र समुदायप्रति उत्तरदायित्व बहन गराउन विद्यालय स्वयम्सेवक कार्यक्रम मार्फत स्काउट र रेडक्रस गठन गरी सहभागितामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(२०) चन्द्रागिरि नगरपालिकाभित्र खेलकूद विकासका निम्ति व्यवस्थितरुपमा खेल मैदान तथा संरचनाको विकास गरिनेछ ।

(२१) चन्द्रागिरि नगरपालिकामा संघसंस्थाहरूको समन्वय र सहकार्य समेतमा वार्षिक रुपमा नगरपालिका स्तरीय खेलकूद महोत्सवको आयोजना गरिनेछ । वडाव्यापी नगरस्तरीय फुटबल र ए डिभिजन फुटवल सञ्चालन गरिनेछ ।

(२२) यस नगरपालिकाभित्र रहेको मदन भण्डारी खेल मैदानलाई अन्तर ाष्ट्रिय खेल मैदानको रुपमा विकास गर्दै नैकाप, मातातीर्थ, बनदेवीलगायत अन्य खेल मैदानलाई राष्ट्रिय स्तरको खेल मैदानको रुपमा विकास गरिनेछ ।

(२३) लागुपदार्थ दुर्व्यसनविरुद्ध चेतनामूलक कार्यक्रम विद्यालयस्तरदेखि नै सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

(२४) युवालाई उद्यमशील र स्वरोजगार बनाई विदेश पलायन रोक्न र आयातलाई घटाउन परियोजना प्रस्ताव लिई सहुलियत कर्जा प्रदान गरिनेछ । सोका लागि स्वरोजगार कोष स्थापना गरिनेछ । यसलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

(२५) युवाको सर्वाङ्गीण विकास र परिचालन गर्न टोल तथा वडास्तरमा युवा क्लव गठन गरिनेछ ।

(२६) चन्द्रागिरि नगरलाई खेलकूद नगरीका रुपमा विकास गर्न विभिन्न खेलकूद आयोजना गरिनेछ। त्यस्तो आयोजनामा महिला सहभागितामा विशेष ध्यान पुऱ्याईनेछ।

(२७) विभिन्न खेलकूदका लागि नगरबाट खेलाडी उत्पादन गर्न विशेष प्रकृया चालिनेछ।

(२८) शिक्षा, युवा, तथा खेलकूदको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक पर्ने सबै ऐन कानून तथा कार्यविधि तयार गरिनेछ।

**(च) स्वास्थ्य तथा आयुर्वेदतर्फ :** (१) जनस्वास्थ्यलाई अत्यावश्यक आधारभूत स्वास्थ्य सेवाहरु नगरवासीको मौलिक हकको रुपमा स्थापित गरिनेछ।

(२) नगरपालिका क्षेत्रमा रहेका प्राथमिक अस्पताल, सामुदायिक अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रबाट प्रदान गरिने स्वास्थ्य सेवाहरू आम नागरिकको विश्वास र भरोसा योग्य वनाउन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ।

(३) एक स्वास्थ्य संस्था एक डाक्टर राख्ने नीति अवलम्वन गरिनेछ।

(४) उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई मूल्यांकनको आधारमा पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ।

(५) महिला स्वास्थ्य स्वयंसेविकाहरूको प्रोत्साहनका लागि नगरपालिकाबाट उपलब्ध गराउँदै आएको प्रोत्साहन खर्चलाई समय सापेक्ष प्रोत्साहन भत्ता वृद्धि गर्दै लगिनेछ साथै महिला स्वयंसेविका अवकाश हुँदा एकमुष्ट रकम प्रदान गर्न कोषको व्यवस्था गरिनेछ।

(६) हाल सञ्चालनमा रहेको नगरस्तरीय प्राथमिक अस्पताल तथा निर्माणाधीन सामुदायिक अस्पताललाई नगरपालिकाभित्रका अन्य स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रहरूको referral सेन्टरको रुपमा विकास गरी क्रमशः विशेषज्ञ सेवा दिने अस्पतालको रुपमा विकास गरिनेछ।

(७) नगरपालिकाभित्र सञ्चालित अन्य निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरूसँग साझेदारीमा नागरिकहरूलाई सहुलियत दरमा स्वास्थ्य सेवा उपलव्ध गराउने व्यवस्था गरिनेछ।

(८) नेपाल सरकार तथा अन्य निकायको ऐन, नीति, नियम, निर्देशिका र परिपत्र समेतको आधारमा साबिक देखि सञ्चालन हुँदै आएको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

(९) सुनौलो हजार दिनका गर्भवती, सुत्केरी आमा र नवजात शिशुहरूको स्वास्थ्य अवस्था सुधार तथा मातृ मृत्युदर नवजात शिशुको मृत्युदरमा कमी ल्याउन गर्भवती महिलालाई फोलिक एसिड, आईरन चक्की, क्याल्सियम, जुकाको औषधी, टि.डी. खोप, समय समयमा गर्भजाँच तथा रगत परीक्षण र सुत्केरी आमालाई भिटामिन ए, आईरन चक्की र क्याल्सियमका साथै आयुर्वेदिक दुग्धवर्धक औषधी उपलब्ध गराईनेछ । नवजात शिशुलाई १५ महिनासम्मको खोप तथा पोषण शिक्षा प्रदान गर्ने व्यवस्था मिलाईनेछ । मातृ मृत्युदर र नवजात शिशुको मृत्युदरमा कमी ल्याउनका लागि गर्भवती सुत्केरीसँग नर्स कार्यक्रम तथा सुत्केरी घर भेट (PNC Home visit) कार्यक्रम लागु गरिनेछ ।

(१०) प्रत्येक वडामा गर्भवती महिला कार्यक्रम संचालन गरिनेछ ।

(११) स्वास्थ्य क्षेत्रमा गरिएका कार्यको अभिलेख प्रतिवेदन ईलेक्ट्रोनिक विधिमा रुपान्तरण गर्दै स्वास्थ्यकर्मीहरूलाई त्यस अनुरुपको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

(१२) जेष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धन गर्न जेष्ठ नागरिक घरदैलो कार्यक्रम र दीर्घरोगीहरूलाई प्रेसर र सुगरको औषधी साथै रोग प्रतिरोधात्मक क्षमता वढाउने आयुर्वेदिक औषधीहरू प्रदान गरिनेछ ।

(१३) सवै स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा व्यवस्थापन तथा बिस्तार गरिनेछ ।

(१४) स्वास्थ्य संस्थाबाट निस्कने सबै किसिमका फोहरको उचित व्यवस्था मिलाईनेछ ।

(१५) कोभिड संक्रमणपछि नगरवासीमा देखिन सक्ने मनोसामाजिक समस्यालाई मध्यनजर गर्दै नगरवासीहरूलाई मनोसामाजिक परामर्श दिई मानसिक रुपमा स्वस्थ्य राख्ने नीति अवलम्वन गरिनेछ ।

(१६) अस्पताल तथा स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई मनोसामाजिक परामर्श दिने क्षमता अभिवृद्धिको व्यवस्था गरिनेछ ।

(१७) नेपाल सरकारले तोके बमोजिमको स्वास्थ्य विमा कार्यक्रम साथै नगरवासीहरूलाई निःशुल्क विमा गराउने नीति अवलम्बन गरिनेछ ।

(१८) नेपाल सरकारले तोके बमोजिमको कडा रोगको वर्गीकरणमा परेका (मृगौला रोग, क्यान्सर, मुटुरोग, हेड ईन्जुरी, स्पाईनल ईन्जुरी, पार्किन्सन, अल्जाईमर, सिकलसेल एनिमिया) विरामीहरूलाई नगरको तर्फबाट विशेष सुविधाको व्यवस्थापन गरिनेछ । साथै सरकारले दिने सुविधाको सिफारिस दिईनेछ ।

(१९) हाल संचालनमा रहेको प्राथमिक अस्पताललाई ५० शैयाको विशेषज्ञ सहितको सुविधा सम्पन्न अस्पतालको रुपमा स्तरोन्नति गरिनेछ ।

(२०) वडा वा नगरको सिफारिशमा निजी अस्पतालसँग समन्वय गरी नगरवासीहरूलाई प्राथमिकताका साथ सहुलियत दरमा स्वास्थ्य सेवा प्रदान गर्नुका साथै गरिब तथा विपन्नलाई निःशुल्क स्वास्थ्य सेवा प्रवाह गर्न पहल गरिनेछ ।

(२१) निजी स्वास्थ्य संस्थाहरूसँग सहकार्य गरी स्वास्थ्य संस्थाहरूमा नियमित स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

(२२) नगरपालिकामा सञ्चालनमा रहेका गैर-सरकारी, संस्थागत तथा निजी एम्बुलेन्सहरूलाई सूचीकृत गरी एकीकृत प्रणाली मार्फत समन्वय गरी सञ्चालन गरिनेछ ।

(२३) असहाय, विपन्न, जेष्ठ नागरिक तथा दुर्घटनाका घाईतेहरूलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

(२४) स्वास्थ्यमा प्रतिकुल असर पार्ने सुर्ती, सुर्तीजन्य पदार्थ, मदिरा, मदिराजन्य एवं अन्य स्वास्थ्यमा असर पार्ने खाद्य पदार्थको प्रवर्द्धनमा बन्देज लगाई बिक्री वितरणलाई नियमन गरिनेछ ।

(२५) स्थापना भएको आईसोलेसन सेन्टरलाई आवश्यकता अनुसार संचालनमा ल्याउने व्यवस्था गरिनेछ ।

(२६) कोभिड रोग नियन्त्रणको लागि आवश्यक स्वास्थ्य सुरक्षा सामाग्री लगायत औषधीको व्यवस्था मिलाईनेछ ।

(२७) आवश्यकता अनुसार हेल्थडेक्स स्थापना तथा संचालनको व्यवस्था गरिनेछ ।

(२८) स्वास्थ्यकर्मीहरूको उच्च मनोबल राखी सेवा प्रवाहमा सहजता ल्याउन जोखिम भत्ताको व्यवस्थापन गरिनेछ ।

(२९) आवश्यकता अनुसार कोरोना परीक्षणको व्यवस्था गर्ने नीति लिईनेछ ।

(३०) विद्यालय नर्स कार्यक्रम थप व्यवस्थित तथा विस्तार गरिनेछ ।

(३१) यस नगरपालिकामा रहेको एक मात्र आयुर्वेद औषधालय (माताातीर्थ आयुर्वेद औषधालय) हाल भाडामा रहेकोले आफ्नै भवन तथा भौतिक पूर्वाधारको विकास गरी सारिनेछ । साथै यस औषधालयलाई नगरपालिकाको स्वास्थ्य प्रवर्द्धन केन्द्रको रुपमा विकास गरिनेछ ।

(३२) नेपालको एक मात्र प्राचीन तथा मौलिक चिकित्सापद्धति आयुर्वेद, योगध्यान तथा अन्य परम्परागत चिकित्सा पद्धतिको प्रवर्द्धन तथा वैज्ञानिक व्यवस्थापनको लागि हरेक वडामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरी नागरिक आरोग्य कार्यक्रम संचालन गरिनेछ ।

(३३) स्थानीय सामुदायिक वन, समुहगत, तथा निजीस्तरमा जडिबुटी उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ । जडिबुटी पहिचान, संरक्षण तथा प्रशोधन केन्द्र स्थापनाको कार्य सुरु गरिनेछ । यसरी उत्पादन गरिएका जडिबुटीहरूको खरिद तथा विक्रीको सुनिश्चितता नगरपालिकाले गर्नेछ ।

(३४) वडा नं. ८ माताातीर्थमा १५ शैयाको सामुदायिक अस्पताल संचालन गर्ने र वडा नं १२ वलम्वु नहुँदा अस्पताललाई समेत अस्पताल संचालन गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

**(छ) सामाजिक समावेशीकरण :** (१) बालबालिका पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक आश्रय केन्द्र, असक्त स्याहार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

(२) टोल विकास संस्थालाई परिचालन गरी घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

(३) टोल विकास संस्थालाई परिचालन गरी बालश्रम, बालविबाह, बहुविबाह, दाइजो, बोक्सी, छाउपडी जस्ता प्रथा नियन्त्रणका लागि सामाजिक परिचालनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(४) छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैंगिक विभेद र हिंसाका घटनाहरू न्यूनीकरणका लागि नीति निर्माण गरी टोल विकास संस्था मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।

(५) लैंगिक उत्तरदायी बजेट परीक्षणका लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।

(६) यस नगरपालिकाबाट गठन हुने समिति, उपसमिति, कार्यदल गठन गर्दा पूर्णरुपमा कानूनले निर्दिष्ट गरेको समानुपातिक समावेशिता कायम गरिनेछ ।

**(ज) सामाजिक सुरक्षा तथा सामाजिक विकासतर्फ :** (१) लक्षित समूहलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई क्षमता तथा आर्थिक विकास गर्दै सशक्तीकरणमा जोड दिइनेछ ।

(२) उत्पीडित र सीमान्तकृत वर्ग समुदायलाई विकासको मूलधारमा ल्याउन उपयुक्त कार्यक्रम तर्जुमा गरिनेछ ।

(३) जातीय भेदभाव तथा सामाजिक कुरीति, अन्धविश्वास हटाउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) विपन्न तथा लक्षित वर्गलाई नगरपालिका भित्रै रोजगारीको श्रृजना गरिनेछ ।

(५) दलित तथा विपन्न समुदायलाई प्रत्येक क्षेत्रमा समान तथा अनिवार्य सहभागिता वृद्धि गरिनेछ ।

(६) नगरपालिकाभित्र रहेका जनशक्तिलाई विदेश पलायनबाट रोक्न रोजगारी/सीपमूलक कुटिर उद्योग, घरेलु उद्योग सञ्चालन गरिनेछ ।

(७) रोजगारमूलक तथा सीपमूलक तालिमको व्यवस्थापन गरिनेछ ।

(८) आफ्नो सीप तथा पूँजी प्रयोग गरी व्यवसाय गर्न ईच्छुक लक्षित वर्गको लागि उद्यमशीलता तालिम सञ्चालन गरिनेछ ।

(९) तालिम प्राप्त व्यक्ति वा समूहले व्यवसाय सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट स्वीकृत कार्यविधि अनुसार बिउ पूँजी कार्यक्रम मार्फत अनुदान उपलब्ध गराइनेछ ।

(१०) मठ मन्दिर तथा ऐतिहासिक महत्व बोकेका धरोहरहरू सूचीकृत गरी संरक्षण तथा प्रवर्द्धनको लागि गुरुयोजना तयार पारिनेछ । किसिपिडी र बलम्बु क्षेत्र संरक्षणको लागि तयार भैसकेको गुरुयोजना कार्यान्वयन गरिनेछ ।

(११) नगरपालिकाको सामाजिक परिसुचांकको आधारमा सामाजिक विकास सम्बन्धी नीति/योजना/कार्यक्रम तय गर्न नगर प्रोफाईल तयार पारिनेछ । नगर प्रोफाइललाई GPS/GIS प्रणाली अनुसार प्रयोग गरिनेछ ।

(१२) नगरभित्र रहेका विभिन्न समुदायको पैत्रिक पेशालाई अनुदानको व्यवस्था गरी आत्मनिर्भर कार्यक्रम अगाडि बढाइनेछ ।

(१३) विपन्न घरवारविहीन नगरवासीलाई नगर आवास कार्यक्रम संचालन गरिनेछ ।

(१४) नगरभित्र रहेको सामाजिक संघसंस्थालाई सूचीकृत गरी विविध कार्यक्रममा परिचालन गराइनेछ ।

(१५) छोराछोरीको आम्दानीको १० प्रतिशत बाबु आमालाई छुट्याउन पर्ने नीति लिइनेछ ।

(१६) लागुऔषध दुर्व्यसनीमा परेकाहरूलाई सुधार गर्न सामुदायिकरुपमा सञ्चालन भएका पुनर्स्थापना केन्द्रलाई अनुदान तथा सहयोग गरिनेछ । त्यस्ता केन्द्रमा मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गरिनेछ ।

(१७) “सही व्यक्तिलाई सही समयमा सही रकम प्रदान सामाजिक सुरक्षाको हाम्रो अभियान” नारा सहित आ.व.२०७८।०७९ देखि चन्द्रागिरि नगरपालिकाबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ता विद्युतीय प्रणालीबाट वितरण गरिनेछ ।

(१८) चन्द्रागिरि नगरपालिकाका सबै वडा कार्यालयको व्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजिटाईजेसन प्रक्रियामा राखिनेछ ।

(१९) "सबैको व्यक्तिगत घटना दर्ता गरौं/गराऔं, व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौं" भन्ने अभियान सफल बनाउनका लागि सबै वडामा घटना दर्ता शिविर संचालन गरिनेछ ।

**(झ) महिला तथा बालबालिकातर्फ :** (१) महिला र पुरुषको समान कामको लागि समान ज्यालाको व्यवस्था गरिनेछ ।

(२) महिलाहरूको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट गरिनेछ । महिला सामुहिक व्यवसाय दर्ता दस्तुर छुटको व्यवस्था गरिनेछ । साथै महिलाहरूको नाममा घर नक्सा दर्तामा पचास प्रतिशत छुट दिइनेछ ।

(३) महिलाहरूको विकासको निम्ति आवश्यकता अनुसारका वृत्ति विकास, सीप विकास, क्षमता विकास लगायत रोजगार सिर्जना गर्ने क्षेत्रहरूमा विभिन्न कार्यक्रम आयोजना गरिनेछ ।

(४) नगरका प्रत्येक कार्यपद्धतिमा महिला हक अधिकारलाई सुनिश्चित गरिनेछ ।

(५) एकल महिलाको सुरक्षा, संरक्षण र रोजगारीमूलक तालिमलाई विशेष जोड दिइनेछ ।

(६) हिंसा पीडित, वौद्धिक एवं नेपाल सरकारको मापदण्डमा परेका अपाङ्गता भएका वालवालिकाका लागि सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गरी वौद्धिक अपाङ्गमैत्रीको व्यवस्थापन गरिनेछ ।

(७) बालबालिकाको क्षमता विकासका लागि नगरस्तरीय बालअधिकार समितिसँग समन्वय गरी बाल क्लव, वडा बाल संरक्षण समिति, नगर बाल संरक्षण समिति र नगरस्तरीय बाल संजाल तयार गरिनेछ ।

(८) नगरपालिकालाई वालमैत्री नगर बनाउन बालमैत्री स्थानीय शासन सम्बन्धी रणनीतिक योजनाअनुसार साझेदार संस्थाहरूको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(९) लैङ्गिक समानता, सामाजिक समावेशीकरण, महिला सशक्तीकरणको माध्यमबाट महिला माथि हुने घरेलु हिंसा तथा लैंगिक हिंसामा कमी गराई महिलाहरूको सीप विकास, अधिकारमा सचेतनावृद्धि र हरेक तहमा महिलाको नेतृत्व क्षमतामा वृद्धि गरिनेछ । सो कार्यका लागि मनोसामाजिक परामर्श पद्धतिको प्रयोग गरिनेछ ।

(१०) बालश्रम निषेध गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

(११) बालबालिका सम्बन्धी योजना तर्जुमा, बजेट र कार्यक्रम कार्यान्वयनमा बाल सहभागितालाई प्राथमिकता दिइनेछ ।

(१२) महिला हिंसा विरुद्धमा सचेतना अभिवृद्धि गरी दलित, अल्पसंख्यक, पछाडि परेका आदिवासी, जनजाति महिलालाई विकासका मूलप्रवाहमा सहभागिता वृद्धि गराइनेछ । लैंगिक हिंसा पीडितहरूको सहायताको लागि कोष स्थापना गरिनेछ । लैंगिक हिंसामा परेका महिलालाई सामाजिकीकरण तथा पुनर्स्थापनामा सहयोग गरी सम्मानपूर्वक जीवनयापनका लागि सुरक्षित घरको व्यवस्था गरिनेछ ।

(१३) महिला सहकारीहरूको संख्यात्मक र गुणात्मक वृद्धि गरी निम्न आय भएका, दलित, आदिवासी, जनजाति, उपेक्षित महिला, एकल महिलाहरूको सहकारीमा प्रतिनिधित्व हुने अवसर प्रदान गरिनुको साथै त्यस्ता सहकारीहरूलाई विशेष कार्यक्रम दिइनेछ ।

(१४) विकासमा युवा सहभागिता नीति अनुरुप मूलप्रवाहबाट वहिष्करणमा परेका किशोरीहरूलाई सीप विकासमा जोड दिन समिति बनाइनेछ ।

(१५) प्रमाण पत्र (शैक्षिक/अन्य) राखेर ऋण दिन सिड मनि/स्वरोजगार कोषको व्यवस्था गरिनेछ ।

(१६) “एक महिला एक सीप” को अवधारणा अनुरुप सिकेको सीपमा नै दक्ष बनाउँदै लगिनेछ ।

(१७) बालबालिकाहरू शान्ति क्षेत्र भन्ने मान्यतालाई आत्मसाथ गर्दै उनीहरूको बालापनको संरक्षण गर्न बालविकास केन्द्रहरूको स्थापना गर्नुका साथै उनीहरूभित्र रहेको सीप कला र प्रतिभाहरूको विकास गर्ने विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(१८) बालबालिकाहरूलाई नैतिक मूल्य मान्यतामा रहन नगरको निर्दिष्ट लक्ष्य हासिल गर्न बालबालिका केन्द्रित कार्यक्रम संचालनमा ल्याइनेछ ।

(१९) सबै वडा कार्यालय र नगरकार्यपालिका कार्यालयमा स्तनपान कक्ष स्थापना गरिनेछ ।

(२०) सडकमा रहेका मानव तथा बालबालिकाको उद्धार तथा पुर्नस्थापनामा प्राथमिकता दिइनेछ ।

(२१) नवजात शिशुसँग पहिलो भेट कार्यक्रम संचालन गरिनेछ ।

**(त्र) जेष्ठ नागरिक तथा अपाङ्गतर्फ :** (१) नगरपालिकाभित्र सार्वजनिक पूर्वाधारहरू अपाङ्गमैत्री बनाउन विशेष जोड दिइनेछ ।

(२) जेष्ठ नागरिकहरूको मनोबल उच्च राख्न जेष्ठ नागरिक सम्मान, अनुभव ग्रहण तथा देशदर्शनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(३) जेष्ठ नागरिकलाई आफ्नो घरमा सुरक्षित रहने वातावरण तयार पार्न चेतना अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) जेष्ठ नागरिकहरूको लागि दिवासेवा केन्द्रको स्थापना गरिनेछ ।

(५) सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिको पहुँचमा बृद्धि गरिनेछ ।

(६) यातायात कम्पनीहरूको सहकार्यमा जेष्ठ नागरिकहरूको लागि अधिकतम विशेष सहुलियत दरमा यातायात सुविधा उपलब्ध गराउन पहल गरिनेछ ।

(७) अपाङ्गता भएका व्यक्तिका अभिभावकलाई मनोसामाजिक परामर्श तथा सीपमूलक तालिम र रोजगारमूलक कार्यक्रम दिलाईनेछ ।

(८) अपाङ्गता भएका व्यक्तिहरूलाई अभिमुखीकरण सहज वातावरण र सीप उपयोगको माध्यमबाट समाजमा सम्मानपूर्वक जीवनयापनको वातावरण सृजना गरिनेछ ।

(९) अपाङ्ग, अशक्त, असहाय सीमान्तकृत समुदायको स्तरोन्नति र विकासको लागि उचित व्यवस्था गरिनेछ ।

(१०) अपाङ्गहरूप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याई शिक्षा र रोजगारी मार्फत उनीहरूलाई अन्य नागरिकहरू सरह सक्षम बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(११) जेष्ठ नागरिक विश्रामस्थल निर्माण गरिनेछ ।

(१२) सबै वडामा जेष्ठ नागरिक र अपाङ्ग मैत्री पार्क निर्माण गरिनेछ ।

(१३) अपांगता भएका व्यक्तिले संचालन गरेको व्यवसाय दर्ता निःशुल्क गरिनेछ ।

(१४) सबै प्रकारका अपांगता भएका व्यक्तिहरूलाई शिक्षाको पहुंच पुऱ्याउने उद्धेश्यले नगरपालिकास्तरीय सम्पूर्ण सुविधा सम्पन्न अपांगता विद्यालय स्थापना गर्ने नीति लिइनेछ ।

(१५) नगरपालिकाबाट प्रवाह गरिने सबै प्रकारका सेवाहरूमा अपांगता भएका व्यक्तिहरूलाई सहज पहुँच पुऱ्याउने उद्देश्यले साँकेतिक भाषा सिकेको एक जना दोभाषे सहित सहायता कक्षको स्थापना गरी सञ्चालन गरिनेछ ।

(१६) अपांगतामैत्री सूचना प्रवाह गर्ने उद्देश्यले विभिन्न प्रकारका अपांगतामैत्री सूचना निर्माण र प्रचार प्रसार गरिनेछ ।

**ट) संस्थागत सुशासन, सूचना तथा सेवा प्रवाहतर्फ :** (१) नगरपालिकाको सेवा प्रवाहलाई सहज र सरल वनाउन सहायता कक्षको स्थापना गरी संचालनमा ल्याईनेछ ।

(२) सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी र विश्‍वसनीय बनाउँदै सुशासन कायम राख्न नागरिक बडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो सुन्ने र सूचना प्रवाहीकरणलाई प्रभावकारी बनाउँदै सार्वजनिक सूचनाद्वारा जनतामा पारदर्शी गरिनेछ ।

(३) नगर सूचना केन्द्र तोकी व्यवस्थित गरिनेछ ।

(४) सबै प्रकारका सेवा प्रवाहलाई आधुनिकीकरण गर्न विद्युतीय प्रणाली अवलम्वन गरिनेछ । विद्युतीय नागरिक बडापत्र तथा ई-हाजिरी प्रणालीको विकास गरिनेछ ।

(५) CCTV जडान, IT मैत्री कार्य प्रणाली, वडा नगर नेटवर्किङ्ग, नगर मोवाइल एप्स, अनलाईन घरनक्शा पास प्रणाली (E.B.P.S.) र Online Service का साथै नागरिक सूचना प्रणालीमा जोड दिइनेछ ।

(६) सानातिना मुद्दाहरूलाई वडास्तरमै फछ्र्यौट गर्नको लागि न्यायिक समिति मातहत रहने गरी वडास्तर मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

(७) नगरपालिकामा निर्माण भएका ऐन, कानून, कार्यविधिहरूको सम्बन्धमा स्थानीय जनप्रतिनिधिहरू, कर्मचारीहरू, मेलमिलापकर्तालाई अभिमुखीकरण गरिनेछ ।

(८) नगरभित्रका उद्योग, संघसंस्था, शैक्षिक क्षेत्र लगायतमा नेपाल सरकारले तोकेबमोजिम न्यूनतम पारिश्रमिक लागु भए नभएको अनुगमन गरिनेछ ।

(९) नगर प्रहरीको व्यवस्था गरिनेछ ।

(१०) कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा पुरस्कृत र दण्डित गरिनेछ ।

(११) जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि र नेतृत्व विकास गरिनेछ, अवलोकन भ्रमणको माध्यमबाट अनुभव आदानप्रदान गर्ने नीति लिईनेछ ।

(१२) नगरपालिकाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थल, बजार क्षेत्र, मुख्य चोक लगायत महत्वपूर्ण स्थलहरूमा निःशुल्क वाई-फाईको व्यवस्था गरिनेछ ।

**ठ) आन्तरिक आय र राजश्व प्रवर्द्धन तथा परिचालनतर्फ :** (१) चन्द्रागिरि नगरपालिकाले बनाएका प्रचलित कानूनले प्रदान गरेको अधिकार र कर्तव्यको पूर्णपालना गरी दिगो र भरपर्दो आयका श्रोतहरूबाट राजश्व सङ्कलन गरी समुचित परिचालन गरिनेछ ।

(२) प्रभावकारी आर्थिक सूचना प्रणालीको विकास गर्दै स्वच्छ राजश्व प्रणालीको निर्माणका अतिरिक्त उत्तरदायी, पारदर्शी एवं व्यवसायिक राजश्व प्रशासनको संस्थागत विकास मार्फत राजश्व चुहावटको नियन्त्रण गरिनेछ ।

(३) नयाँ राजश्वका क्षेत्रहरूको पहिचान गरी समयसापेक्ष बनाउँदै स्थानीय राजश्वका दर र दायरालाई बढाइनेछ ।

(४) स्थानीयस्तरमा दर्ता तथा नवीकरण नभएका वा हुन नचाहेका पेशा व्यवसायीहरूलाई राजश्वका दायरामा ल्याउनका लागि नगर क्षेत्रभित्र रहेका सबै प्रकारका पेशा व्यवसायहरूमा राजश्व अनुगमनलाई तीव्रता दिईनेछ। साथै त्यस्ता पेशा व्यवसायहरूलाई राजश्वको दायरामा आउनको लागि उत्प्रेरित गर्ने हेतुले नगरपालिकाबाटै टोलटोलमा घुम्ती सेवा सञ्चालन गरिनेछ ।

(५) स्थानीय सरकारको आवश्यकता र औचित्यताका आधारमा राजश्वका दरहरूलाई समयसापेक्ष परिमार्जित गरी राजश्वका दायरा बढाउने नीति लिइनेछ ।

(६) राजश्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्नको लागि कर तिर्न अटेर गर्नेलाई दण्ड जरिवाना तथा नियमित कर तिर्नेलाई सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

(७) चन्द्रागिरि नगरपालिका र अन्तर्गतका वडाका राजश्व क्षेत्रमा कार्यरत कर्मचारीहरूको राजश्व सफ्टवेयर संचालन क्षमता अभिवृद्धि गर्नको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

(८) प्रत्येक वडा कार्यालयहरूमा राजश्व श्रोतको विविधीकरण तथा वार्षिक लक्ष्य निर्धारण गरिनेछ ।

(९) कर संकलन तथा करदाता शिक्षा अभियान मार्फत स्थानीय कर, सेवा शुल्क, दस्तुर, दण्ड/जरिवाना र अन्य शुल्क सम्बन्धी जानकारी गराउन प्रत्येक वडा कार्यालयहरूमा करदाता शिक्षा कार्यक्रम लागु गरिनेछ । त्यसको लागि आवश्यक स्टिकर, पम्पलेट, लिफलेट तथा माइकिङ्गको माध्यमबाट सुसूचित गरिनेछ ।

(१०) राजश्व संकलनमा आइपर्ने बाधा अडचनलाई न्यूनीकरण गर्दै राजश्व अभिवृद्धिमा प्रभावकारिता ल्याउन राजश्व चुहावट भएका क्षेत्रहरूमा गस्ती गर्न सम्बन्धित कर्मचारीहरू र नगर प्रहरीलाई परिचालन गरिनेछ। साथै खटिने कर्मचारीहरूलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

(११) नगरपालिकाको राजश्वको आम्दानी र खर्चको फेहरिस्त दुरुस्त गराई राख्नको लागि प्रत्येक वडा कार्यालयहरूलाई दैनिक आम्दानी र खर्चको विवरण प्रविधिको माध्यमबाट अद्यावधिक गर्न अनिवार्य गरिनेछ ।

(१२) नगरपालिकाको राजश्व अभिवृद्धि गर्नको लागि सम्बद्ध निकायहरूसँग समन्वय गर्ने तथा नगरक्षेत्र भित्रका व्यापारी, उद्योगपति, विभिन्न किसिमका व्यवसायी तथा करदाताहरूसँग छलफल गर्ने व्यवस्था मिलाई राजश्व अभिवृद्धि र व्यवस्थापन कार्यलाई उत्प्रेरित गरिनेछ ।

(१३) राजश्व शाखाबाट उपलब्ध हुने सेवाहरूलाई सरल, सहज, चुस्त, दुरुस्त, पारदर्शी र मितव्ययी बनाउन अधिकतम रुपमा प्रविधिको प्रयोग गरिनेछ। साथै राजश्व सङ्कलन एवं असुली सम्बन्धमा सम्पन्न गर्नुपर्ने कार्यहरूको निरीक्षण, अनुगमन, अध्ययन, विश्लेषण गर्नुका साथै सुझाव समेत सङ्कलन गरी राजश्व क्षेत्रको सुधारका लागि कार्ययोजना तयार गरिनेछ ।

(१४) राजश्व सङ्कलन एवं असुली सम्बन्धमा छलफल, अन्तर्क्रिया, गोष्ठी, सेमिनार आदिको आयोजना गरी नियमित र तोकिएको समयभित्र कर तिर्ने प्रत्येक करदाताहरूलाई "समयमा नियमित कर तिर्नु भएकोमा हार्दिक धन्यवाद" को हरियो स्टिकर प्रदान गरी उत्प्रेरित गराईनेछ ।

(१५) सेवाग्राहीहरूलाई नगरपालिकाको राजश्व सम्बन्धी जानकारीको लागि नगरपालिकाको कार्यालयमा डिजिटल डिस्प्लेको स्थापना गरी २४ सैं घण्टा डिजिटल सूचना प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

(१६) चन्द्रागिरि नगरपालिकामा रहेका पेशा व्यवसायीहरूलाई करदाता संङ्केत नं. अनिवार्य गर्ने व्यवस्था मिलाई राजश्व सफ्टवेयर तथा मोवाईल एप्समा समेत लिङ्क गरिनेछ ।

(१७) स्थानीय राजश्वको बारेमा सूचना प्रदान गर्न र सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाई घरमै बसीबसी सेवा लिनसक्ने प्रणालीको विकास गरी "चन्द्रागिरि राजश्व प्रणाली" नामको मोबाईल एप्स बनाई लागू गरिनेछ ।

(१८) वडा कार्यालयहरूबाट सेवाग्राहीहरूलाई करचुक्ता प्रमाणपत्रका आधारमा सेवाप्रवाह गर्नको लागि अनिवार्य गर्ने नीति लिईनेछ ।

(१९) कोभिड १९ को प्रभावको कारण क्षति न्युनीकरण गर्न आगामी आ.व. ०७८/०७९ को सम्पत्ति तथा व्यवसाय करमा २५ प्रतिशत छुट दिइने नीति लिईनेछ ।

(२०) चन्द्रागिरि नगरपालिकाका बासिन्दाहरूलाई कर तिर्न उत्प्रेरित गराउने हेतुले चन्द्रागिरि नगरपालिकामा स्थायी रुपमा बसोबास गर्ने सबै प्रकारका राष्ट्र-सेवक कर्मचारीहरू तथा जनप्रतिनिधिहरूलाई आफूले तिर्नुपर्ने कर तिर्नको लागि तीन महिनाको सूचना जारी गरिनेछ । सो सूचना बमोजिम करको दायरामा नआउने कर्मचारी तथा जनप्रतिनिधिहरूको नाम सार्वजनिक गर्ने नीति लिईनेछ ।

(२१) चन्द्रागिरि नगरपालिकाका वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूलाई एक वर्षको लागि राजश्व उठाउने लक्ष्य तोकिनेछ । सो लक्ष्य भन्दा बढी राजश्व उठाएमा बढी उठेको राजश्वबाट कम्तीमा १ प्रतिशत रकम प्रोत्साहन स्वरुप वडा कार्यालयका कर्मचारीहरूलाई उपलब्ध गराउने नीति लिईनेछ ।

ङ) **सम्पदा, इतिहास तथा सँस्कृति संरक्षणतर्फ :** (१) लोककला, लोक साहित्य र इतिहासलाई केन्द्र बिन्दूमा राखी नगरको कार्यक्रम अगाडि बढाइनेछ ।

(२) आदिवासी जनजातीहरूको परम्परागत सीप तथा पेशालाई आधुनिकीकरण गर्दै नयाँ सीप तथा रोजगारीका निम्ति अभिप्रेरित गरिनेछ ।

(३) भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक धरोहरहरूको पुनःनिर्माण तथा मर्मतका लागि सम्बद्ध निकायमा समन्वय गरी सहकार्य गरिनेछ ।

(४) नगरस्तरीय पर्वजात्रा सञ्चालन समिति बनाई सोद्वारा वडाहरूमा ऐतिहासिक रुपमा नियमित स्थानीय निकायको सहयोगमा सञ्चालन भइरहेका परम्परागत तथा लोपोन्मुख जात्रापर्व सूचीकृत गरी जात्रापर्व संचालनको लागि उपलब्ध गराउँदै आएको पर्व सञ्चालन खर्चलाई निरन्तरता दिइनेछ ।

(५) मठ, मन्दिर, गुम्बा, पाटीपौवा, भजन मण्डल, गुठी आदिको जग्गा अभिलेखीकरण गरी गृह पाहुना कार्यक्रम सञ्चालन गरिनेछ ।

(६) ऐतिहासिक तथा सांस्कृतिक प्रोफाईल तयार गरी प्रचारप्रसार गरिनेछ।

(७) नगरपालिका क्षेत्रभित्र रहेका पौराणिक महत्व बोकेका विभिन्न मठ-मन्दिरहरूमा नित्यपूजा सञ्चालन हुने व्यवस्था मिलाइनेछ।

(८) विभिन्न विकास निर्माणको काम गर्दा ऐतिहासिक तथा सांस्कृतिक स्थान वा सो नजिक पर्न गएमा आवश्यक परामर्शद्वारा निर्माण कार्य गरिनेछ। सो कार्यका लागि परामर्शदाता राख्ने नीति लिइनेछ।

(९) इतिहास तथा सांस्कृतिक वैभव झल्काउने प्रचारात्मक कार्यक्रम अन्तर्गत नगर सम्पदा कार्यक्रम तय गरी (प्राचीन शिलालेख, मूर्ति, मुद्रा, हस्तीमार्ग, पोखरी, इनार, कुवा, हिटी, ठ्यासफु लगायत मूर्त अमूर्त सम्पदा) विविध सम्मेलन कार्यक्रम आयोजना गरिनेछ। ती सम्पदाहरूको संरक्षणमा विशेष ध्यान दिईनेछ।

(१०) सम्पदा क्षेत्र कार्यक्रमलाई कार्यान्वयनमा ल्याउन कार्यविधि तयार गरी निर्माणमा प्याकेजमा सहयोग गरिनेछ।

(११) नगरस्तरीय सांस्कृतिक संग्रहालयको स्थापना गरिनेछ।

(१२) लिपि, भाषा संरक्षण र जर्गेना गर्ने कार्यक्रम तत्काल संचालनमा ल्याइनेछ।

(१३) ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय कार्य गर्न विभिन्न वैदेशिक राष्ट्रहरूका नगरसँग भगिनी सम्बन्ध स्थापना गरिनेछ।

(१४) साहित्य, कला र संगीत (साकस) प्रतिष्ठान गठन र भवन निर्माण गरी गतिविधि अगाडि बढाईनेछ।

(१५) इतिहास, संस्कृति, पर्यटनलगायत सम्पदाको प्रचारप्रसार गर्न कम्पनीको उद्देश्यमै इतिहास, संस्कृति लगायतको खोजमूलक कार्य गर्ने जनिएको मिडियासँग मिडिया पाट्नरको रुपमा कार्य गरिनेछ।

(१६) नगरभित्र साहित्यको उत्थानको लागि साहित्यकारहरूलाई प्रोत्साहन गरिनेछ। यसको लागि नगरस्तरीय साहित्यिक गतिविधि संचालनमा ल्याइनेछ।

(१७) चन्द्रागिरिका साहित्यकारहरूको अभिलेखीकरण गरी उहाँहरूको योगदानलाई जीवन्त राख्ने गतिविधि अघि बढाइनेछ।

(१८) साहित्यिक पत्रपत्रिकालाई प्राथमिकताका साथ संचालनमा ल्याउन साहित्य समूहलाई विशेष प्रोत्साहन दिइनेछ ।

(१९) चन्द्रागिरि नगरपालिकाको समग्र ईतिहास, सांस्कृतिक सम्पदा (मूर्त-अमूर्त सम्पदा) झल्काउने नगरस्तरीय एक म्युजियम स्थापनाको लागि अध्ययन गरिनेछ ।

**ढ) आर्थिक विकासतर्फ :** (१) आ.व.२०७७/०७८ को बजेटबाट चालु परियोजनाहरूलाई निरन्तरता दिने नीति लिईनेछ ।

(२) हावाहुरीले क्षति भएका टनेल खेती गरिरहेका साना कृषकहरूको लागि टनेलमा प्रयोग हुने प्लाष्टिक बितरण गरिनेछ ।

(३) हिउँदे र बर्षे तरकारी बालीको बिउ साथै बिषादी र भिटामिनहरू वितरण गरिनेछ ।

(४) कृषिमा प्रयोग हुने कृषि चुन र लहरे बालीमा प्रयोग हुने फुरोमुन ट्र्याप (Furomin Trap) वितरण गरिनेछ ।

(५) कृषकहरूको लागि अनुदानमा आधारित मौरीको घार वितरण गरिनेछ ।

(६) कृषकलाई अनुदानमा धानको बिउ र च्याउको बिउ वितरण गरिनेछ ।

(७) साना किसानहरूलाई मध्यनजर गर्दै अनुदानमा दुहुना गाई वितरण गरी स्वरोजगार र आयआर्जनमा आधारित कार्यक्रम गरिनेछ ।

(८) अत्यन्त निम्न वर्गका व्यक्तिहरूलाई मध्यनजर गरी कुखुराको चल्ला वितरण गरिनेछ ।

(९) साना किसानहरूको लागि हिउँदे घाँसको बिउ वितरण गरिनेछ ।

(१०) पशुको कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ ।

(११) कार्यसंञ्चालन कार्य अन्तर्गत पशुको लागि औषधीहरू र भ्याक्सिन दिने कार्यलाई निरन्तरता दिईनेछ ।

(१२) नगरका प्रत्येक वडामा आवश्यकता अनुसार वडाको वस्तुस्थिति झल्किने सूचनामूलक बोर्ड (लोकेसन म्याप) राखिनेछ ।

(१३) नगरपालिकामा रहेका विभिन्न मन्दिर, पार्क, ट्रेकिङ्ग रुट आदिको जानकारी दिनलाई विभिन्न माध्यम मार्फत प्रचार प्रसार गरी पर्यटनको प्रवर्द्धन गरी रोजगारी र आयआर्जनमूलक कार्यक्रम संञ्चालन गरिनेछ ।

(१४) सफल र राम्रा उद्योग व्यवसायीहरूको पहिचान गरी प्रोत्साहन तथा सम्मान गरिनेछ ।

(१५) उद्योगी व्यवसायीको तथ्याङ्क अद्यावधिक गरिनेछ ।

(१६) विभिन्न कारणले रुग्ण अवस्थामा पुगेका उद्योग व्यवसायहरूलाई उत्थान गर्ने प्रवर्द्धनात्मक कार्यहरू गरिनेछ ।

(१७) स्थानीय बजारमै रोजगारी उपलब्ध हुने प्लम्विङ्ग, ईलेक्ट्रिक, ईलेक्ट्रोनिक्स जस्ता तालिम सञ्चालन गरिनेछ ।

(१८) घरेलु उद्योगहरू नगरपालिकाबाट दर्ता गर्ने कार्य सुरुवात गरिनेछ र यसको लागि आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।

(१९) पर्यटकहरूले नगरपालिका आउँदा चिनोको रुपमा खरिद गर्ने सामानहरू उत्पादन गर्ने पेसा व्यवसाय उद्योगीहरूको पहिचान गरी तालिम र अन्य प्रवर्द्धनात्मक कार्यहरू गरिनेछ ।

(२०) सम्बन्धित क्षेत्रका बिशेषज्ञहरू समेतको सहभागितामा आवश्यकता अनुसार बजार अनुगमन गरिनेछ ।

(२१) उपभोक्ताहरूलाई सचेत र जागरुक बनाउनको लागि उद्योगी व्यावसायीहरू समेत सम्मिलित गरी गोष्ठी/तालिम संचालन गरिनेछ ।

(२२) नगरपालिकाभित्र रहेका विभिन्न प्रकृतिका सहकारीहरूलाई सुशासन कायम गर्न र प्रविधिमैत्री बनाउनको लागि गोष्ठी/तालिम कार्यक्रम संचालन गरिनेछ ।

(२३) नगरपालिकाको आवश्यकता अनुरुप सहकारी दर्ता/संचालन मूल्याङ्कनको लागि सहकारी नियमावली र मापदण्डहरू तयार गरी लागु गरिनेछ ।

(२४) नगरपालिकाको आवश्यकता अनुसार उत्पादन र स्वरोजगारको कार्यक्रममा सहकारीहरूलाई संलग्न गराईनेछ ।

(२५) सहकारीहरूको नियमित रुपमा प्रगति विवरण, लेखापरीक्षण र साधारणसभा समयमा गर्नको लागि अभिप्रेरित गरिनेछ । नियमित कार्यक्रम गर्नेलाई पुरस्कृत र नगर्नेलाई दण्डको नीति लिई सर्वसाधारणको बचतलाई सुरक्षित हुने वातावरण तयार गरिनेछ ।

(२६) उत्पादन, रोजगार तथा व्यवसाय प्रवर्द्धन गर्न सम्बन्धित वित्तीय संस्थाहरूसँगको समन्वयमा नगरपालिकावाट विशेष व्याज अनुदानको व्यवस्था गरिनेछ ।

(२७) नगरपालिका क्षेत्रभित्रका धार्मिक, सांस्कृतिक, दृश्यावलोकनका केन्द्रहरू लगायत महत्वपूर्ण स्थलहरूलाई समेटेर चन्द्रागिरि पर्यटकीय सर्किट घोषणा गरी प्रवर्द्धन गरिनेछ ।

प्रमाणीकरण: २०७८/०३/१८ गते

मूल्य रू. १५/-

आज्ञाले

निरज पौडेल

प्रमुख प्रशासकीय अधिकृत